श्री

कन्चनपुर जिल्ला अदालत

तहशील शाखाबाट जारी

दशीका दुईपाङ्ग्रे सवारी साधनहरू र ट्रेक्टरको टूली डाँक लिलाम बडाबडद्वारा बिक्री गर्ने सम्बन्धी जरूरी सूचनाः-

सूचना लागू हुने मिति २०७७।०७।२०

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधिएका दशीका दुईपाङ्ग्रे सवारी साधनहरू १४ (चौध) थान र १ (एक) थान ट्रेक्टरको टूली जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमाबली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समेत सीलबन्दी डाँक लिलाम बडाबडद्वारा एकमुष्ट बिक्री गरिने भएकोले यस अदालतको मिति २०७७।०५।२३ को निर्णय र मिति २०७७।०७।१७ गते बसेको मूल्यांकन समितिको निर्णयानुसार सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७७।०७।२० गते देखि मिति २०७७।०८।१० गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रू.२,०००/- फिर्ता नहुने) दर्ता गरी आफूले बोलकबूल गरेको रकमको १०% रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखाको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नं २०४९७७६०१ मा जम्मा गरेको सक्कलै भौचर पेश गरेका व्यक्ति वा संस्थालाई मात्र मिति २०७७।०८।१२ गते सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी गराइने भएकोले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूबाट सीलबन्दी डाँक लिलाम बडाबडको लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः- चौधवटा दुईपाङ्ग्रे सवारी साधनहरू र एक थान ट्रेक्टरको टूलीको न्यूनतम मूल्यः- रू.१६,७९,६९५/- (सोह्र लाख उनासी हजार छ सय पन्चानब्बे रूपैयाँ मात्र)

१. सीलबन्दी डाँक लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्था वा फर्मले मिति २०७७।०७।२० गते देखि ऐ. मंसीर १० गतेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र र नविकरण

सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलकबूल अंकको १०% रकम दाखिला गरेको सक्कलै भौचरसमेत साथैराखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट शीलबन्दी डाँक लिलाम फाराम दस्तुर यस अदालतबाट जारी निवेदन भरी (निवेदन दस्तुर रू.२,०००/- फिर्ता नहुनेगरी) यस अदालतको तहशील शाखामा बुझाउनु पर्नेछ।

२. सीलबन्दी लिलाम बडाबड डाँक निवेदन मिति २०७७।०७।२० गते देखि मिति २०७७।०८।१० गतेसम्म दर्ता नगराई माथि उल्लिखित मिति २०७७।०८।१२ गते दिनको ११.०० बजे उपस्थित हुने व्यक्ति वा संस्था लाई डाँक लिलाम बडाबडमा सहभागी गराइने छैन।

३. सीलबन्दी डाँक लिलाम बडाबडमा आफूले बोलकबूल गरेको अंकको १०%ले हुने रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय महेन्द्रनगरमा रहेको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नं. २०४९७७६०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। सीलबन्दी डाँक लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको वाहेक अरूको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ।

४. सीलबन्दी डाँक लिलाम बडाबड निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७७।०८।१२ गते दिनको ११.०० बजेसम्म सम्पन्न हुने सीलबन्दी डाँक लिलाम बडाबड कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समय भित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका प्रदान गरिने छैन, सो दिन कुनै सार्वजनिक बिदा परेमा सो सार्वजनिक बिदा सकिएको भोलिपल्ट माथिकै प्रकृया बमोजिम लिलाम बडाबड कार्य सम्पन्न गरिनेछ।

५. सीलबन्दी डाँक लिलाम बडाबड यस अदालतबाट स्वीकृत भै सकार गरिलिने व्यक्ति वा संस्थाले ७ (सात) दिन भित्र आफूले बोलकबूल गरेको मूल्यको १३% ले हुने मूल्य अभिवृद्धि कर समेत जोडी हुन आउने एकमुष्ट रकम माथि उल्लिखित धरौटी खातामा दाखिला गरेको बैंक भौचर पेशगरी लिलामी हुने दुईपाङ्ग्रे सवारी साधनहरू र ट्रेक्टरको ट्रली जे जुन अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ, अन्यथा मनासिब माफिकको कारण बाहेक बोलकबूलको १०% ले हुन आउने धरौटी रकम कानून बमोजिम जफत हुनेछ।

६. सीलबन्दी डाँक लिलाम बडाबड हुने सवारी साधनहरू हेर्न चाहेमा वा यस सम्बन्धमा थपकुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ४.०० बजे सम्म यस अदालतको तहशील शाखामा सम्पर्क गर्न सकिनेछ।

७. सीलबन्दी डाँक लिलाम बडाबड सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

८. जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ को उपनियम १३ को कानूनी व्यवस्था:- यस नियम बमोजिम लिलाम वा बिक्री भएका सवारी साधन वा दर्ता गर्नुपर्ने मेशनरी सामान लिलाम सकार वा खरिद गर्नुपर्ने व्यक्तिको नाममा दर्ता गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्ने भएकोले ती सवारी साधनहरू दर्ताको लागि आवश्यक सहजीकरण गरिने छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत

इति संवत् २०७७ साल कात्तिक महीना १९ गते रोज ४ शुभम्......................................................।